# कनकाई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
जमुनवरी, झापा, १ नं. प्रदेश, नेपाल

**नदीजन्य पदार्थ संकलनको प्रारम्भिक वातावरणीय परिक्षण (IEE)कार्य गर्ने बारे**

## सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मिति: २०७४/१२/३०

कनकाई नगरपालिका क्षेत्र भएर वग्ने तपशिल बमोजिमका खोलाहरुबाट ढुङ्गा, गिट्टी, वालुवा संकलन गर्ने कार्यलाई व्यवस्थीत गर्न वातावरण संरक्षण ऐन २०५३ तथा वातवरण संरक्षण नियमावली २०५४ (पहिलो संसोधन) को नियम ३ अनुसार प्रारम्भिक वातावरणीय परिक्षण (IEE) कार्य गर्ने शिलसिलामा उपरोक्त नदी तथा खोलाहरुको अध्ययन गर्न लागिएको छ । वातावरण संरक्षण नियमावली, २०५४ को नियम ७ को उपनियम २ बमोजिम प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रस्ताव कार्यान्वयन गर्दा प्रस्ताव क्षेत्रको भौतिक, जैविक, सामाजिक तथा साँस्कृतिक प्रणाली, आर्थिक तथा मानवीय क्रियाकलापहरु र यसका अवयवहरु तथा ती अवयवहरु बीचको अन्तरक्रिया र अन्तरसम्बन्धमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न आवश्यक छ । यस सम्बन्धमा उक्त क्षेत्रमा प्रस्ताव कार्यान्वयन गर्दा पर्न सक्ने प्रभाव बारे प्रस्ताव क्षेत्रको वडा कार्यालय, विद्यालय, अस्पताल, स्वास्थ्य चौकी, सम्बन्धीत अन्य निकाय तथा प्रस्तावबाट प्रभाव पर्न सक्ने व्यक्ति वा संस्थाले यो सूचना प्रकाशित भएको मितिबाट १५ (पन्ध्र) दिन भित्र निम्न ठेगानामा आइपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराइदिनुहुन अनुरोध गरिन्छ ।

तपशिल

| सि.नं. | खोला/नदीको नाम | नदीसंग जोडिएको वडा नं. |
|---|---|---|
| १. | विरिङ्ग (राजमार्ग उत्तर र दक्षिण) | १, ७, ८ र ९ |
| २. | कनकाई(राजमार्ग दक्षिण) | ४ र ५ |

**राय सुझाव पठाउने ठेगानाः**

कनकाई नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, जामुनवारी झापा

फोन नं. ०२३- ४०११४४

Email kanakai.mun@gmail.com

कनकाई नगरपालिका नगर कार्यपालिकाको कार्यालय, जामुनबाडी, झापा १ नं. प्रदेश, नेपाल

देवेन्द्र कार्की
प्रमुख प्रशासकिय अधिकृत